# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## दिप्रुङ चुइचुम्मा गाउँपालिका

खोटाङ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## दिप्रुङ चुइचुम्मा गाउँपालिका

## खोटाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## दिप्रुङ चुइचुम्मा गाउँपालिका

खोटाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १७३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दिप्रुङ चुइचुम्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
खोटाङ ।

**कैफियतसहितको राय**

हामीले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ६० लाख ७७ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ६ लाख ३७ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २ करोड ११ लाख ११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४५ लाख ८० हजार, नियमित गर्नुपर्ने रु १९ लाख ५६ हजार र पेश्की रू. २ करोड ७७ लाख ९३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १२ करोड ७९ लाख ६५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु १८ करोड ३४ लाख ५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४३ | ४४ | ५६०७७ | ० | २१ | ६३७ | ४३ | २३ | ५५४४० | २११११ | १९५६ | ४५८० | ० | ० | ६५३६ | २७७९३ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १६.२ | जिन्सी दाखिला भएको प्रमाण पेश । | १३५ |
| २ | १८ | पारिश्रमिक कर कट्टी नभएको रकम असुल गरी दाखिला भएको प्रमाण पेश भएको । | ३२३ |
| ३ | १९.२ | जिन्सी दाखिला भएको प्रमाण पेश । | १७९ |
| | | **जम्मा** | **६३७** |

### २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| खोटाङ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | १२७९६५ | ० | ० | १२७९६५ | ० | ५५४४० | १८३४०५ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लोकेन्द्र बहादुर राई | २०७८-१२-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हर्कराज बि.क. | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५५,४३९,७३० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | | ११,७४,६६,९८९.४८ |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,८८,४४,००० | **चालु खर्च** | २५,७७,७८,७४८.७ |
| **प्रदेश सरकारबाट अनुदान** | २,९१,५५,००० | **पूँजीगत खर्च** | २७,५१,७८,५०५.१४ |
| **राजश्व बाँडफाँट** | ६,५२,४०,६५९.४३ | **वित्तीय/अन्य व्यवस्था** | ७,७२,५३,९३७ |
| **आन्तरिक आय** | ३५,५५,१५१.६ | | |
| **अन्य आय** | ८,०७,८७,२४५ | | |
| **कुल आय** | ६१,७५,८२,०५६.०३ | **कुल खर्च** | ६१,०२,११,१९०.८४ |
| | **बाँकी मौज्दात** | | १२,४८,३७,८५४.६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, १३६.४८ वर्ग किलोमिटर क्षेत्रफल र २२३८७ जनसंख्या रहेको छ ।<br><br>लेखापरीक्षणबाट औल्याए पश्चात संघिय सरकार सशर्त अनुदान बापतको फिर्ता गर्नुपर्ने रु.५८७४५६४७। र प्रदेश सरकारको फिर्ता गर्न बाँकी रु.११७७७८३४।समेत रु.७,०५,२३,४८१। मिति २०७९।५।१३ मा सम्बन्धित सञ्चितकोष फिर्ता दाखिला भएको छ।<br><br>कार्यालयको आ.व. २०७८।७९ को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम र व्यवस्थापन प्रतिनिधित्वपत्र समेतका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोरा उपर कार्यालयका सम्बद्ध पदाधिकारीहरुसँग छलफल गरी तत् पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| २ | | | **वित्तीय विवरण**<br>सुत्र सफ्टवेयरले तयार गरेको वित्तीय विवरण निम्नानुसार रहेको छ। | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ५५१७१२७१६.१५ | ५४३२९००५३.३८ | | ५४३२९००५३.३८ | ४४४३४४१०७.७७ | २८४२५८५ | ४४७१८६६९२.७७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५४६५०१३९३.८० | ५३६७९४८११.०३ | ० | ५३६७९४८११.०३ | ४३४९७९६००.७७ | २८४२५८५ | ४३७८२२१८५.७७ |
| ११००० कर | ११ | ७६५२५९९३.८० | ६५८२१६३४.०३ | ० | ६५८२१६३४.०३ | ६३१७९२७७.७७ | ० | ६३१७९२७७.७७ |
| १३००० अनुदान | | ४६८८२४००० | ४६७९९९००० | ० | ४६७९९९००० | ३७०९०९००० | २८४२५८५ | ३७३७५१५८५ |
| संघीय सरकार | १२ | ४३९६६९००० | ४३८८४४००० | ० | ४३८८४४००० | ३५०४९१००० | २८४२५८५ | ३५३३३३५८५ |
| प्रदेश सरकार | १२ | २९१५५००० | २९१५५००० | ० | २९१५५००० | २०४१८००० | ० | २०४१८००० |
| १४००० अन्य राजस्व | | ११५१४०० | २९७४१७७ | ० | २९७४१७७ | ८९१३२३ | ० | ८९१३२३ |
| ख. अन्य प्राप्ति | | ५२११३२२.३५ | ६४९५२४२.३५ | | ६४९५२४२.३५ | ९३६४५०७ | | ९३६४५०७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ५२११३२२.३५ | ३२११३२२.३५ | ० | ३२११३२२.३५ | ७०८०१९२ | ० | ७०८०१९२ |
| धरौटी | | ० | ३२८३९२० | ० | ३२८३९२० | २२८४३१५ | ० | २२८४३१५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६६६५९१४४१.१५ | ५३५७२४१४३.६९ | | ५३५७२४१४३.६९ | ३७०१५९२१३.८० | १०२४९०७१ | ३८०४०८२८४.८० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६६१३८०११८.८० | ५३२९५७२५३.८४ | | ५३२९५७२५३.८४ | ३६२७९२८५९.८० | १०२४९०७१ | ३७३०४१९३०.८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७४५५७००० | १६०४२०७३६.७० | ० | १६०४२०७३६.७० | १४९४६१३१३.८० | ० | १४९४६१३१३.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२१४३२००० | ९५६४८०१२ | ० | ९५६४८०१२ | ६८९७६८४० | ० | ६८९७६८४० |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ३३८०००० | ० | ० | ० | ५१७०००० | ० | ५१७०००० |
| २८००० अन्य खर्च | १८ | १८००००० | १७१०००० | ० | १७१०००० | ११२३९०० | ० | ११२३९०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३६०२११११८.८० | २७५१७८५०५.१४ | ० | २७५१७८५०५.१४ | १३८०६०८०६ | १०२४९०७१ | १४८३०९८७७ |
| घ. अन्य भूक्तानी | | ५२११३२२.३५ | २७६६८८९.८५ | | २७६६८८९.८५ | ३७०१५९२१३.८० | १०२४९०७१ | ३८०४०८२८४.८० |
| कोषहरु | | ५२११३२२.३५ | २८९७९२९ | ० | २८९७९२९ | ६९८९१०९ | ० | ६९८९१०९ |
| धरौटी | | ० | ० | ० | ० | ३७७२४५ | ० | ३७७२४५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१३१०३९.१५) | | (१३१०३९.१५) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (११४८७८७२५) | ७५६५९०९.६९ | | ७५६५९०९.६९ | ७४१८४८९३.९७ | (७४०६४८६) | ६६७७८४०७.९७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८०३२५९३०.७६ | | ८०३२५९३०.७६ | २७११२५०६.८२ | | २७११२५०६.८२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (११४८७८७२५) | ८७८९१८४०.४५ | | ८७८९१८४०.४५ | १०१२९७४००.७९ | (७४०६४८६) | ९३८९०९१४.७९ |
| बैंक तथा नगद बाकी | २४ | | ८८०७७३९६.४५ | | ८८०७७३९६.४५ | ११३५५४६५५.४९ | | ११३५५४६५५.४९ |

कार्यालयले तयार गरेको एकिकृत आय-व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।

- एकिकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु.६१,७५,८२,०५६।०३ रहेकोमा सुत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति अनुसार रु.५४,३२,९०,०५३.३८ रहेकोले कार्यालयको आम्दानीमा रु.७,४२,९२,००२।६५ फरक परेकोले हिसाब एकिन गर्नुपर्दछ।
- कार्यालयले तयार गरेको आय-व्यय विवरण अनुसार यस बर्षको बाँकी मौज्दात रु.१२,४८,३७,८५४।६७ रहेकोमा सुत्र सफ्टवेयरबाट जारी प्रतिवेदनमा बर्षान्तको बाँकी मौज्दात रकम रु.९,३८,९०,९१४.७९ रहेकोले रु.३,०९,४६,९३९।८८ फरक परेको छ। यस सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।
- म.ले.प फाराम २७२ अनुसार गत बर्षको बैङ तथा नगद बाँकी रु.११,३५,५४,६५५.४९ रहेकोमा यो बर्ष रु.८,८०,७७,३९६.४५ मात्र जिम्मेवारी सारेको देखिएकोले रु. ५,६४,२४,१९८।९२फरक परेको सम्बन्धमा हिसाब मिलान विवरण पेश हुनुपर्दछ।
- कार्यालय सञ्चालनको हिसाब राख्न र खर्चसँग सम्बन्धित विवरणहरु तयार गर्न महालेखा नियन्त्रकको कार्यालयले स्वीकृत म.ले.प फारामहरुको ढाँचा प्रकाशन गरेको छ। कार्यालयले स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायत(अन्तरसरकारी अख्तियारी)लाई समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्नेमा गरेको छैन। यसमा सुधार हुनुपर्दछ।

अतः कार्यालयले तयार गरेको एकिकृत आय व्यय विवरण र शुत्र सफ्टवेयरले तयार गर्ने प्राप्ति र भुक्तानी सम्बन्धमा एकरुपता हुनुपर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **बजेट तथा कार्यक्रम** | |
| ३.१ | | | क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका निमित्त क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। कार्यालयको चालु खर्च, पूजिँगत खर्च र क्षेत्रगत बजेट खर्च एकआपसमा भिडान हुनुपर्दछ। यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको विवरण पेश गरेको छ। | |

| क्र. स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ७१८६६९०० | ४०५९५६५६. | ७.६२ |
| २ | पूर्वाधार विकास | १७०४४५८०३.८ | १३२९३३३१७. | २४.९४ |
| ३ | सामाजिक विकास | २५९५४०००० | २२३५८०४२३. | ४१.९५ |
| ४ | बातावरण तथा विकास | ० | ० | ०.०० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५०१६९४१५ | ४८२२१३०५ | ९.०५ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०९३५८००० | ८७६२६५५३ | १६.४४ |
| जम्मा | | ६६१३८०११८.८० | ५३२९५७२५४.०० | १००.०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासको क्षेत्रमा सबैभन्दा बढी ४१.९५.% र आर्थिक विकासको क्षेत्रमा सबै भन्दा कम ७.६२% खर्च भएको छ। कार्यालयले वातावरण तथा विकास शिर्षकमा बजेट नै विनियोजन गरेको छैन।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। सो सम्बन्धमा लेखापरीक्षणको क्रममा विवरण माग भएकोमा कार्यालयबाट विवरण प्राप्त भएन। ऐनको प्रावधान बमोजिम योजना तथा कार्यक्रममा दोहोरोपना नहुने गरी दिर्घकालिन नीति तथा योजना तर्जुमा गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ३.३ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको लागि आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नुपर्ने उल्लेख छ। कार्यालयले ऐनको प्रावधान बमोजिम तालुक निकायहरुसँग अन्तरिकिकरण तथा सामजस्यता गरेको पाइएन। यसमा सुधार हुनुपर्दछ। | |
| ३.४ | | | चौमासिक खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा पूँजिगत खर्चमा रु.२७ करोड ५१ लाख ७९ हजार मध्ये तेश्रो चौमासिकमा रु.१७ करोड ६१ लाख ०१ हजार (६४%) र आषाढ महिनामा रु.१२करोड ५ लाख ८३ हजार (४३.८२%) खर्च गरेको विवरण पेश भएको छ। आर्थिक बर्षको अन्त्यमा मात्र अधिक कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनुपर्दछ। | |
| ४ | | | **खरिद तथा ठेक्का अभिलेख** | |
| ४.१ | | | **ठेक्का फाराम-** कार्यालय सञ्चालनको हिसाब राख्न र खर्चसँग सम्बन्धित विवरणहरु तयार गर्न महालेखा नियन्त्रकको कार्यालयले स्वीकृत म.ले.प फारामहरुको ढाँचा प्रकाशन गरेको छ। अन्य फारामहरुको अतिरिक्त पूर्वाधार विकास सम्बन्धि काम गर्ने कार्यालयहरुले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । कार्यालयले स्वीकृत ढाँचामा विवरण राखेको छैन । लेखापरीक्षणको क्रममा ठेक्कासँग | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धित आवश्यक सूचना प्राप्त गर्ने प्रयोजनको लागि फाराम उपलव्ध गराएकोमा उक्त फाराम पूर्ण रुपमा भरी उपलव्ध नगराएकोले सञ्चालित ठेक्काहरुको भेरियसन स्वीकृती, म्याद थपको अवस्था, विमा व्यवस्था, कार्य सम्पादन जमानतको म्याद, पेश्कीको म्याद तथा मूल्य समायोजन सम्बन्धि विश्लेषण गर्न सकिएन । स्वीकृत ढाँचामा विवरण अद्यावधिक राख्न कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ४.२ | | | **खरिद कारवाहीको अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी सो फाइलमा उपदफा २ बमोजिमका कागजपत्र सिलसेलावार रुपमा राख्नुपर्ने उल्लेख छ। कार्यालयले नियममा उल्लेख भए बमोजिमको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको छ छैन । यसमा सुधार हुनुपर्दछ। | |
| ५ | | | **वित्तीय विवरण** | |
| ५.१ | | | खर्च खाता फ्रिज नगरेको — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा स्वतः फिर्ता हुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खातामा खर्च नभई बाँकी रहेको रु.३,८३,६७,५७९।२६ र पूँजीगत खातामा बाँकी रहेको रु. ४,४२,२३,६९९।२४ समेत रु.८,२५,९१,२७८.५ स्थानीय सञ्चित कोष खातामा फिर्ता गरी खर्च खाता शुन्य गराउनुपर्नेमा गरेको छैन। ऐनको प्रावधान बमोजिम आर्थिक वर्षको अन्त्यमा खर्च खातामा बाँकी रहेको मौज्दात रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ । | |
| ५.२ | | | बैंक हिसाव मिलान — कार्यालयले बैंक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैंक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नुपर्दछ। कार्यालयको श्रेस्ता अनुसार २०७९।३।३१ मा पूँजीगत खातामा रु. ४,४२,२३,६९९।२४ चालु खाताहरुमा रु. ३,८३,६७,५७९।२६ र सँचित कोष खातामा रु. ३,३२,२८,९७४।६० समेत रु.११,५८,२०,२५३।१ रहेको र बैंक स्टेटमेन्ट अनुसार चालु खातामा रु. ३,९७,८१,१०३।२६, पूँजीगत खातामा रु.४,१८,७६,३५८।४८ र संचित कोष खातामा रु. ४,४७,०२,७२१।५७ समेत १२,६३,६०,१८३।३१ रहि बैंक नगदी किताव खातामा भन्दा बैंकमा रु.१,०५,३९,९३०।२१ बढी रहेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयले बैंक हिसाव मिलान विवरण तयार गरेको छैन । अतः फरक परेको रकम सम्बन्धमा यकिन गर्नुका साथै बैक हिसाव मिलान प्रमाण पेश गर्नुपर्दछ। | |
| ५.३ | | | **निकासा फिर्ता** :- अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था छ । प्रदेश तथा संघीय सरकारवाट स्थानीय तहलाई प्राप्त हुने अनुदान रकम मध्ये सशर्त, विशेष र समपुरक अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्दछ । तर कार्यालयले संघीय सरकारवाट प्राप्त अनुदान रकम मध्ये खर्च नभई मौज्दात रहेको रु. ५,८७,४५,६४७। र प्रदेश सरकारबाट प्राप्त रकम मध्ये खर्च नभई मौज्दात बाँकी रहेको रु.१,१७,७७,८३४।- समेत रु.७,०५,२३,४८१। सम्बन्धित संचित कोष फिर्ता गर्नुपर्नेमा रु७०,५१८,४८१। मात्र फिर्ता गरेकोले संघिय सरकार फिर्ता गर्न बाँकी रकम रु.५०००। फिर्ता हुनुपर्ने रु. | ५,००० |
| ५.४ | | | म.ले.प.फा.न. २७२- कार्यालय सञ्चालनको हिसाब राख्न र खर्चसँग सम्बन्धित विवरणहरु तयार गर्न महालेखा नियन्त्रकको कार्यालयले स्वीकृत म.ले.प फारामहरुको ढाँचा प्रकाशन गरेको छ। कार्यालयले स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्नेमा गरेको छैन। यसमा सुधार हुनुपर्दछ। | |
| ६ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| ६.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । गाउँपालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ६.२ | | | गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ । | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ७.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति, कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायालयले कार्यविधि तयार गरी कार्यान्वयनमा ल्या आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ;<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको<br>• पालिकाले ठेक्काबाट हुने कार्यहरुको कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन।<br>• प्रदेश आर्थिक कार्यविधी ऐन बमोजिम जिन्सी निरिक्षण गर्ने र प्रतिवेदन बमोजिम मर्मत तथा लिलाम गर्नुपर्नेमा जिन्सी निरिक्षण भएको छैन।<br>• कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा समयमानै दाखिला गर्नुपर्नेमा ढिला गरी दाखिला गरेको छ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन। • आर्थिक विवरणः आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७८ चैत्र) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो ।<br>• कर भुक्तानीको इ-टिडिएस गर्नुपर्नेमा गरेको छैन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राख्नुपर्नेमा राखेको छैन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०७५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन।<br>• कार्यविवरणः कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन ।<br>• अभिलेखः कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।<br>• कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।<br>• निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • दैनिक कार्य सम्पादन विवरण म.ले.प फाराम नं.९०७ तयार नगरेको।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा जाने कर्मचारीले नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च लेख्दा एकैदिनमा हुने अनुगमनमा समेत पुरै अवधिको भ्रमण खर्च लेखेकोमा यस्तो खर्चमा नियन्त्रण गरी एकैदिनमा पुगिने स्थानमा कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गर्दा नियमावली बमोजिम मितव्ययी तरिकाले नगरेको ।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर स्थानीय भत्ता नपाउने व्यवस्था बमोजिम पालिकाले भ्रमण खर्च नियमावलीको व्यवस्था विपरीत कर्मचारीको भ्रमण खर्च लेख्दा निम्नानुसार स्थानीय भत्ता कट्टी नगरेको । अतः आन्तरिक नियन्त्रण प्रणाली र कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ७.२ | | | **बेरुजु लगतः** महालेखा नियन्त्रक कार्यालयले सरकारी कार्यालयहरुको बेरुजु लगत अद्यावधिक गर्ने प्रयोजनका लागि मलेप फारामको व्यवस्था गरेको छ । कार्यालयले बेरुजु लगत, बेरुजुको कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख लगायतका स्वीकृत म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फारामहरु अद्यावधिक गरेको छैन । बेरुजुको अद्यावधिक विवरण तयार गरी बाँकी बेरुजु समयमा नै फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ७.३ | | | सुचना प्रविधि सम्बन्धीः सुचना प्रविधि सम्बन्धि ऐन, २०७५ को दफा ६९ बमोजिम सरकारी निकायले कम्प्युटर तथा सुचना प्रणालीको प्रयोग गर्दा मन्त्रालयले तोकेको सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्ने र दफा ७० बमोजिम सरकारी निकाय, सार्वजनिक संस्था र वित्तीय तथा स्वास्थ्य सम्बन्धि सुूचना प्रयोग गर्ने संस्थाहरुले अनिवार्य रुपमा आफुले प्रयोग गर्ने सुचना प्रणालीको तोकिए बमोजिमको अवधिमा सुरक्षा परीक्षण गराउनुपर्ने उल्लेख छ। कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्दछ। कार्यालयले कारोवार लेखाङ्कन, अभिलेख र प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणालीगत व्यवस्था ऐनले तोकेको अवधिमा सुरक्षा परिक्षण गरेको अभिलेख लेखापरीक्षण समक्ष पेश भएन। यस सम्बन्धमा देखिएका आन्तरिक नियन्त्रण प्रणाली निम्नानुसार छन् ;<br>• म. ले. प. फाराम ९०१ र ९०२ को प्रयोग गरेको छैन।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ राख्नुपर्नेमा राखेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो गरी अद्यावधिक रुपमा नराखेको।<br>सफ्टवेयर प्राविधिक विषय भएकोले सोसँग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभाव परीक्षणको सिमा भन्दा वाहिर रहेको छ। सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिताका विषयमा कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ७.४ | | | **मर्मत संभार तथा संरक्षण अभिलेख फारामः** महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक तथा म. ले. प. फाराम ४१५ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखी विभिन्न व्यक्ति तथा संस्थालाई सवारी साधन मर्मतमा (ब्याकुलोडर स्कर्पियो एम्बुलेन्स र बाईकहरु) रु.३४ लाख ९८ हजार र मेसीनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च रु.८ लाख ९९ हजार गरी कुल ४३ लाख ९७ भुक्तानी गरेको पाईयो । पालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी सवारी साधन मर्मत अभिलेख खर्च गर्नुपर्दछ ।<br><br>**ईन्धन खर्च सम्बन्धमाः** महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले कार्यालय प्रयोजनको लागि सवारी प्रयोगकर्ताको विवरण र सवारी गुडेको किलोमिटर देखिने विवरण उल्लेख गरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखी कार्यालय प्रयोजनमा ईन्धन खर्च वापत रु.२८,६७,५३५।- भुक्तानी गरेको पाईयो । सवारी लगबुक सवारी प्रयोगकर्ताको नाम, सवारी चढ्नेको नाम र सवारी चलेको दुरी (किलोमिटर) उल्लेख नगरी राखेकोले ईन्धनमा भएको खर्च रु. वास्तविक र एकिन गर्न सकिएन । पालिकाले अनिवार्य रुपमा सवारी लगबुक राखी सवारी चढ्नेबाट प्रमाणित गराई ईन्धन खर्च लेख्नुपर्दछ । | |
| ७.५ | | | **भम्रण खर्चः** भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष गाउँपालिका चालु शीर्षकबाट मात्रै अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु.११ लाख ९८ हजार, भ्रमण खर्चमा रु.४ लाख ६७ हजार, तथा अन्य भ्रमण खर्चमा रु.८लाख ३६ हजार गरी अनुगमन मूल्याङ्कन तथा भ्रमणमा रु.२५ लाख १ हजार खर्च गरेको छ । नियमावलीको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियम २१ बमोजिम कार्यालयले भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीहरुको अनुसुचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख खाता म. ले. प. फाराम ९०८ राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद गराई भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीबाट भ्रमण प्रतिवेदन म. ले. प. फाराम ९०९ प्राप्त गरे पश्चात भुक्तानी गर्नुपर्नेमा सो गरेको छैन। अद्यावधिक भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी भएकोले दोहोरो पर्ने गरी खर्च भए नभएको एकिन गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ। | |
| ८ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| ८.१ | | | **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष अतिथि सत्कारमा रु.४,९९,८७१।- तथा विविधतर्फ रु. २३,०१,९५८। गरी रु.२८,०१,८२९।- खर्च गरेको छ । पालिकाले आन्तरिक आयको परिधिभित्र रहेर विविध खर्च गर्नुपर्दछ । | |
| ८.२ | | | आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ३४ जना व्यक्ति तथा समूहलाई रु. ६,००,०००। आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ९.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकामा कुल ७४ कर्मचारीको दरबन्दी रहेकोमा लेखापरीक्षण अवधिसम्म अधिकृत छैटौं देखि सहायक स्तरसम्म ६० जना कार्यरत रहेको र १४ पद रिक्त रहेको पाईयो । रिक्तमध्ये पालिकाले २०७८। १०।१८ मा प्रदेश लोक सेवा आयोगलाई माग आकृती फाराम पठाई विभिन्न ७ पदमा ३३ जना कर्मचारीहरू करारमा राखी रु. १,१०,६१,०५०।- खर्च लेखेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा २९ जना करार नियुक्ति गरी बर्षभरीमा रु९८,१२,७९०।- भुक्तानी गरेको पाईयो । पालिकाले कर्मचारी करारमा राखि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९.२ | | | **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले मन्त्रालयको स्वीकृती नलिई यो बर्ष प्रोत्साहन भत्तामा रु.४९,१८,३०५।— खर्च गरेको छ । पालिकाले दिप्रुङ चुईचुम्मा गाउँपालिका कर्मचारी प्रोत्साहन भत्ता निर्देशिका प्रोत्साहन भत्ता कार्यविधि, २०७६ पारित गरेको भएतापनि कर्मचारीको कार्यसम्पादन मापन गर्ने सूचक, अतिरिक्त कार्य गर्ने क्षेत्र तथा कार्यप्रकृति र समय निर्धारण नगरेको र कार्यालयमा ई हाजिरी समेत भएको नदेखिएकोले प्रोत्साहन भत्ता खर्च लेख्ने कार्य मितव्ययी देखिएन । पालिकाले अर्थ मन्त्रालयको स्वीकृती लिई कार्यसम्पादन सूचक मापन भएको देखिने गरी प्रोत्साहन भत्ता खर्च लेख्नुपर्दछ । | |
| १० | | | **कोभिड कोष**<br>पालिकाले कोभिड रोकथाम नियन्त्रण र व्यवस्थापन कोषमा गत बर्षको जिम्मेवारी यसवर्ष विभिन्न निकाय तथा व्यक्तिबाट प्राप्त आम्दानी, भएको खर्च तथा मौज्दात देखिने गरी छुट्टै आय व्यय तयार गर्नुपर्नेमा आ.व. २०७८।७९ को कोभिड १९ कोषको तोकिएबमोजिम विवरण तयार गरेको छैन । पालिकाले कोभिड १९ कोषको छुट्टै आम्दानी खर्च र मौज्दात देखिने गरी आय व्यय तयार गर्नुपर्दछ । | |
| ११ | | | **आन्तरिक लेखापरीक्षणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेख छ । तर यस गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १२ | | | **कर रकम**<br>अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७५ अनुसार निर्देशिकाको राजश्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर, सामाजिक सुरक्षा कर, अग्रिम कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ । कार्यालयले विभिन्न योजनाहरुमा कट्टा गरेको अग्रिम कर तथा सम्पत्ति बहाल कर बापत रु.९०,०००। संघीय संचित कोष जम्मा नगरी गाउँपालिकाको संचित कोषमा मौज्दात राखेकोले उक्त रकम संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु. | ९०,००० |
| १३ | | | **विद्युतीकरण खर्च**<br>सबै नागरीकहरुलाई विद्युत सेवाउपलव्ध गराउने दायित्वनेपाल बिद्युत प्राधिकरणको हो । विद्युत सेवा प्रदान गरेवापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ । त्यस्तै बिद्युत, टेलिफोन तथा केवल सेवा प्रदायकहरुले बिद्युत प्राधिकरणको पोल उपयोग गरेवापत सेवाशुल्क लिने समेत गर्दछ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको विद्युतीकरणकार्य सम्बन्धित निकायले नगरी सो कार्यमा कार्यालयले छितापोखरी विद्युत् विस्तारवडा नं.६ उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति मार्फत विद्युत पोल, तार खरिदतथा तार तान्ने कामको लागि रु. ४४,००,०००।— गरेको छ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्र कार्यालयले लगानीगरेकोमा नागरिकले सेवा प्रयोगमा कुनै छुट तथा थप सुविधा प्राप्त गरेको छैन भनेकार्यालयले रोयल्टी समेत प्राप्त गरेको छैन । अन्य निकायको जिम्मेवारी रहेकोक्षेत्रमा गाउंपालिकाले बजेट विनियोजन गरी कार्यान्वयन गर्नु अगावै सम्बन्धितनिकायसँग समन्वय गरेर मात्रै खर्च गर्ने तथा प्राप्त हुने लाभको यकिन गरेरमात्रै खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यस सम्बन्धमा देखिएकाव्यहोरा निम्नानुसार रहेका छन्; | |
| १३.१ | | | **विस्तृत नापि र प्राविधिक विल-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) बमोजिम सार्वजनिक निकायले प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा प्राविधिक विल तयार गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। कार्यालयले छितापोखरी विद्युत विस्तार वडा नं.६ उपभोक्ता समिति मार्फत विद्युतिकरण सम्बन्धि कार्य गर्न उपभोक्ता समितिबाट नै सोहन इलेक्ट्रिकल एण्ड सप्लायर्सबाट रु.१८,३९,०७५। ८m का स्टिल टिउब्लर पोल गो.भौ.नं. ४६४-२०६९।३।५ बाट ६५ वटा र ६५०-२०७९।३।२५ बाट ४० वटा समेत १०५ वटा पोल र ८००० मिटर तार | २,४०६,३१२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.५,६७,२३७। मा खरिद गरेकोमा सोको विस्तृत नापि र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन। विस्तृत नापि बेगर कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी गरेबाट खरिद भएका पोल तथा तार सम्बन्धित स्थानमा जडान भएको छ भनी आश्वस्त हुन सकिएन। स्थलगत अवलोकनको क्रममा विभिन्न स्थानमा पोल जडान नभएको देखिएकोले कार्यालयले प्राविधिकबाट पोल जडानको विस्तृत नापि तयार गरी सोही बमोजिम कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु. | |
| १३.२ | | | **गुणस्तर परिक्षण** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा गुणस्तर परीक्षण र नियन्त्रण सम्बन्धी व्यवस्था गरेको छ । कार्यालयले विद्युत विस्तारको लागि खरिद गरेका विद्युत् पोल, तार तथा ट्रान्सफर्मरहरुको गुणस्तर परीक्षण गरेको गुणस्तर परिक्षण रिर्पोर्ट श्रेस्ता साथ संलग्न गरेको छैन। यसबाट गुणस्तरयुक्त सामाग्री खरिद भएको छ भनी आश्वस्त हुन सकिएन।सामाग्रीको गुणस्तर परिक्षण गरी खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १४ | | | **प्रकोप व्यवस्थापन कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(न) बमोजिम स्थानीय निकायले विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन तथा मापदण्ड तयार गरी विपद् योजनाको कार्यान्वयन, अनुगमन र नियमन गर्न उपदफा ६ बमोजिम विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र श्रोत साधनको परिचालन गर्न सक्ने व्यवस्था छ। कार्यालयले विपद् व्यवस्थापन सम्बन्धि कुनै पनी नीति कानुन तथा मापदण्ड तयार गरेको छैन। यस बर्ष पालिकाले पूँजिगत खर्च शिर्षकबाट विपद् व्यवस्थापन कोष गा.पामा रु.१३,३०,०००। र विपद् व्यवस्थापन कोष वडा स्तरियमा रु.२१,००,०००। समेत रु.३४,३०,०००। खर्च गरेको छ। कार्यालयले प्रकोप व्यवस्थापन कोष स्थापना गरेको अवस्थामा पुँजिगत खर्च शिर्षकमा रकम विनियोजन गरी खर्च लेखेको उचित देखिएन। कार्यविधि बनाई प्रकोप व्यवस्थापन कोषबाट मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १५ | | | **पूँजीगतबाट चालु खर्चः**<br>एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । नमुना छनौट गरी परिक्षण गर्दा कार्यालयले यो वर्ष सभाबाट पारित गरि रु. ६३,१९,६३०।— चालु खर्च पुजिगत वजेटमा समावेश गरि वितरणमुखी कार्यक्रमहरुमा खर्च लेखेको देखियो । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्ने गनुपर्दछ र वितरणमुखी कार्यक्रमहरुमा खर्च गर्ने प्रवृत्तिमा सुधार ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौ.नं. मिती | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| ४६७-२०७९।३।५ | महिला बालबालिका जेष्ठ नागरिक विकास कार्यक्रम ४५ दिने ढाका बुनाइ तालिम | ६५०००० |
| ५३२-२०७९।३।१५ | कोभिड अस्पताल व्यवस्थापन तथा ३ जना कर्मचारीको तलब | २९०४०० |
| ५४१-२०७९।३।१७ | महिला सशक्तिकरण तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम | २३५७२० |
| ५४२-२०७९।३।१७ | मेलमिलाप सम्बन्धि आधारभुत तालिम | ५४५८६० |
| ५४७-२०७९।३।२० | जेष्ठ नागरिक यातायात सुविधा ७० बर्ष भन्दा माथिका | १००००० |
| ५६४-२०७९।३।२१ | महिलाहरुलाइ सहकारी सम्बन्धी ३ दिने तालिम | २३०७५० |
| ५७६-२०७९।३।२२ | पत्रकार प्रोत्साहन तथा सम्मान कार्यक्रम | २४००० |
| ५७६-२०७९।३।२३ | कृषि विकास कार्यक्रमको अनुगमन | २५०००० |
| ५८१-२०७९।३।२३ | शिशु पोषण कार्यक्रम अन्तर्गत ३५ जनालाइ पोषण भत्ता | ३९२००० |
| ६०१-२०७९।३।२४ | महिला बालबालिका जेष्ठ नागरिक विकास कार्यक्रम अन्तर्गत विविध खर्च | ३५००० |
| ६१३-२०७९।३।२४ | खेलकुद तथा कला संस्कृति कार्यक्रम | १००००० |
| ६१७-२०७९।३।२४ | बाख्रा पालनको लागि सुनकोसी बाख्रा पालन उ.सलाइ अनुदान | १००००० |
| विभिन्न | शिशु पोषण कार्यक्रम | ३३६५९०० |
| | | ६३१९६३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सोझै खरिद र जिन्सी दाखिला** | |
| १६.१ | | | सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाई रु.१८,५४,३३०/- सोझै खरिद गरेको पाईयो । पालिकाले खरिद ऐनबमोजिम खरिद कार्यमा प्रतिस्पर्धात्मक हुने गरी कार्य गर्नुपर्दछ । | |

| गो.भौ.र मिति | पार्टीको नाम र प्यान न. | बिल नं. र मिति | भ्याटसहितको मूल्य | सामाग्रीको नाम |
|---|---|---|---|---|
| ११७।२०७८।१०।३ | आयुस ट्रेडर्स एण्ड सप्लायर्स (६०९३७२१४६) | ३३, ३४-२०७८/९/२८ | ४९७२०० | मसलन्द तथा कार्यालय सामाग्री |
| ११६।२०७८।१०।२ | दिपक ट्रेडर्स एण्ड सप्लायर्स (६००३४९१६७) | २४, २५-२०७८।९।२६ | ४९९४६० | |
| १८८।२०७८।११।१६ | जागोस सप्लायर्स एण्ड सर्भिसेज प्रा लि (६०१८६४२७२) | ०११,२०७८।९।२८ | ४९१५५० | |
| २६१।२०७८।१२।१८ | सुसेलीसप्लायर्स (३०१७३४२४२) | ७५,२०७८।१२।७ | ३६६१२० | |
| जम्मा | | | १८५४३३०। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.२ | | | **जिन्सी दाखिलाः**<br>***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु. १३४४१३।- सम्परीक्षण गरिएको ।)*** | |
| १७ | ४० | २०७९-३-२३ | **अनुगमन समिति**<br>**अनुगमन समितिः** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को बुँदा ६.२ मा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अध्यक्षले तोकेको एकजना महिला सहित २ जना कार्यापालिका सदस्य, प्रमुख प्रशासकिय अधिकृत र सम्बन्धित शाखा र एकाई प्रमुख तथा आवश्यकताअनुसार कार्यपालिका सदस्य र विषयविज्ञ रहेको अनुगमन तथा सुपरीवेक्षण समिति रहने व्यवस्था गरेको छ । पालिकाले संचालन गरेको विभिन्न योजनाको अनुगमन तथा मुल्याङ्कन गर्न तोकिएबमोजिम समिति गठन गरेको पाईएन । पालिकाले अनुगमन भत्ता खर्च गर्दा प्रदेश ऐनले मासिक अनुगमन भत्ता पाउने पदाधिकारीलाई दोहोरो पर्ने गरी तथा अनुगमन भत्ता वापत उपस्थित सबै कर्मचारीहरुलाई रु. ३७८००। भत्ता खर्च लेखेको पाईयो । पालिकाले योजना तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिम अनुगमन समिति गठन गरी अनुगमन प्रतिवेदन पश्चात मात्र पदाधिकारीहरुलाई दोहोरो नपर्ने गरी अनुगमन भत्ता खर्च गर्नुपर्दछ । | |
| १८ | | | **पारिश्रमिक कर कट्टी नभएको**<br>***.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११२।१४ को निर्णयबाट रु. ३२३४४८।- सम्परीक्षण गरिएको ।)*** | |
| १९ | | | **खरिद तथा दाखिला प्रतिवेदन** | |
| १९.१ | | | **मौजुदा सूची बिना खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ८५ (४) मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । ४७, २०७८।८।२३ पालिकाले कोरोना भाईरस रोकथाम तथा नियन्त्रण शिर्षकमा निम्नानुसार पार्टीहरुबाट औषधी तथा ल्यापटप र अन्य सामाग्री | १,६६७,९३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिद गरी भुक्तानी दिएकोमा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा फर्म/कम्पनीलाई पत्राचार गरी खरिद गर्नुपर्नेमा निम्नानुसार पार्टीहरुलाई बीलबमोजिम लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग नगरी भुक्तानी गरेको पाईयो । नियमावली बमोजिम मौजुदा सूचीमा सूचीकृत कम्तीमा तीनवटा व्यक्ति/फर्महरुलाई पत्राचार गरी तुलनात्मक चार्टबाट न्यनतम अंक कबोल गर्नेसँग सझौता गर्नुपर्नेमा एउटा मात्र पार्टीलाई बील बमोजिम भुक्तानी गरेको देखिएकोले खरिद कार्य नियम सम्मत नभएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>बिल नम्बर र मिति</th><th>पार्टीको नाम</th><th>प्यान नम्बर</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>९- २०७८।४।१९</td><td>मेडिसर्ज ट्रेडर्स</td><td>३०१२२४०४८</td><td>३६२६७३</td></tr>
<tr><td>२</td><td>३- २०७८।४।१९</td><td>Yashoda Pharma Traders, Biratnagar</td><td>६०८४१९६१५</td><td>४९९३०८</td></tr>
<tr><td>३</td><td>२- २०७८।४।२०</td><td>Ankur Diagnostic and Surgical Centre, Biratnagar</td><td>३०१३८६०४५</td><td>४९५८४४</td></tr>
<tr><td>४</td><td>२१- २०७८।३।२४</td><td>P & P Infotech, Biratnagar</td><td>३०५६७११८३</td><td>३१०११०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६६७९३५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>दाखिला प्रतिवेदन नभएकोः<br>..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११२।१४ को निर्णयबाट रु. १७९००० ।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>रीतपूर्वकको बीजक जारी नभएको</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>नन्फाइलर — मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.६५,१४०। समेत रु.५,६६,१४०। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।</td><td>६५,१४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>प्यान नं.</td><td>विल नम्बर र मिति</td><td>भुक्तानी रकम</td><td>मुअकर कर रकम</td><td>नन्फाइलर रहेको मिति</td></tr>
<tr><td rowspan="2">३०-२०७८।६।१९</td><td rowspan="2">सिटी पेष्ट कन्ट्रोल, बसुन्धरा</td><td rowspan="2">६१३०६७३३७</td><td>००२, २०७८।४।१७</td><td>१००५७०</td><td>११५७०</td><td rowspan="2">२०७७।१०।२३</td></tr>
<tr><td>००३, २०७८।४।१७</td><td>९९४५०</td><td>११४५०</td></tr>
<tr><td>२६१।२०७८।१२।१८</td><td>सुसेली सप्लायर्स</td><td>३०१७३४२४२</td><td>७५, २०७८।१२।७</td><td>३६६१२०</td><td>४२१२०</td><td>२०७८।M।९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५६६१४०</td><td>६५१४०।</td><td></td></tr>
</table>
कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>२०.२</td><td>२६२</td><td>२०७८-१२-१८</td><td>बील नभएको: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च पुष्टि गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाले सेवा परामर्श शिर्षकमा गाउँपालिकालाई विपक्षी बनाई दायर मुद्दाहरुमा बहस पैरवी गरी कानुनी परामर्श वापत Global Law Chamber Pvt. Ltd. Anamnagar Kathmandu लाई रु.२०००००।— भुक्तानी दिंदा बील नम्बर तथा बीलको मिति नभएको Fee Bill slip को आधारमा खर्च लेखेको पाईयो । पालिकाले कानुनी परामर्श वापत भुक्तानी पाउने पार्टीको बील संलग्न नगरी खर्च लेखेको देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम बीस हजार माथिको भुक्तानीमा मु.अ.करमा दर्ता भएको बीजक पेश गर्नुपर्ने रु.</td><td>२००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः | |
| २१.१ | | | **उपभोक्ता समिति दर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिंदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गरेकोमा उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |
| २१.२ | | | लागत अनुमान तयार गर्दा र सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्ने अंश १० प्रतिशत को हाराहारीमा रहेकोमा अधिकाशं योजनामा उपभोक्ता समितिले श्रमदान गरेको देखिएन। श्रमदान नगरेको अवस्थामा नगद सहभागिता पनि भएको छैन। उपभोक्ता समितिले जिम्मा लिएको अधिकाशं सडकको निर्माण सम्बन्धी काम निर्माण व्यवसायीवाट गराएको र मूल्याङ्कन अनुसार भुक्तानी हुने रकमको हाराहारीमा निर्माण व्यवसायीको विल राखी भुक्तानी खर्च लेख्ने गरेको छ। कार्यालयसंग उपभोक्ता समितिले सम्झौता गरी जिम्मा लिएको काम आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने कार्यको अन्त्य हुनुका साथै उपभोक्ताको श्रम वा लागत सहभागीता देखिने गरी कार्य हुनुपर्दछ। | |
| २१.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा स्थानीय तहले योजना तर्जुमा गर्नुपर्ने आधार तयार गरेको छ । एनेले तोकेको व्यवस्था विपरित गाउँ सभाले नाफामुलक दलित बचत तथा ऋण सहकारी संस्थाको भवन निर्माण कार्यको लागि योजना छनौट गरी दलित बचत तथा ऋण सहकारी संस्था भवन निर्माण उपभोक्ता समिति मार्फत कार्य गरेको देखाई भौ.नं. ४९३-२०७९।३।९ बाट रु. २,८८,०००।— खर्च लेखेको छ । बचत तथा ऋण परिचालन गर्ने र नाफा आर्जन गर्ने संस्थाको भवन निर्माण गर्ने कार्यमा बजेट विनियोजन गरी खर्च गरेको कानुन सम्मत नभएको रु. | २८८,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.४</td><td></td><td></td><td>मेशिन प्रयोग गरी कार्य— सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम उपभोक्ता समिति मार्फत गरिने कार्यमा हेभी इक्यूपमेन्ट प्रयोग गरी कार्य गराउन नहुने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने भनी उल्लेख भएकोमा र प्राविधिक सिफारीसमा सार्वजनिक निकायको सिफारीस लिएर मात्र प्रयोग गर्न सकिनेमा नमुना छनौट गरी परीक्षण गरिएका योजानहरु मध्ये निम्नानुसारका योजनाहरुमा कार्यालयले लागत अनुमान तयार गर्दा जटिल भनी निर्धारण नभएको र सार्वजनिक निकायको स्वीकृती विनानै हेभी इक्यूपमेन्ट प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी दिएको देखियो । कार्यालयले ऐनको विपरित हुने गरी लागत अनुमानमानै मेशिनरी दर प्रयोग गरी उपभोक्ता समिति मार्फत कार्य गराउने प्रचलनको अन्त्य हुनुपर्दछ ।
<table>
<tr><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>पालिकाले व्यहोर्ने अनुदान</th><th>निर्माण व्यवसायीको विजक रकम</th></tr>
<tr><td>लहरे पैयु देखी १ नं वडा कार्यालय सम्म सडक स्तरोन्नती उ.स</td><td>१११२५९९</td><td>९६००००</td><td>९६००००</td></tr>
<tr><td>रोभोलुङ आहाल डाडाँ रातमाटा सडक उ.स</td><td>५५१२२३</td><td>४८००००</td><td>३९४०००</td></tr>
<tr><td>भैसीकाटे ढुङ्गाबाट खमारे सम्म सडक स्तरोन्नती</td><td>२६६९१७</td><td>२४००००</td><td>२४००००</td></tr>
<tr><td>राजन घर देखी जोङ्ले सडक</td><td>३३०३२३</td><td>२८८०००</td><td>२८८०००</td></tr>
<tr><td>पञ्चकोशिका मा.वि खेलमैदान</td><td>३३५३३४</td><td>२८८०००</td><td>३०००१५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.५</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत पाईप खरिद- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धामा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । नमुना छनौट गरी परिक्षण गर्दा कार्यालयले गाउँपालिका पूँजीगतबाट संचालित विभिन्न निम्न खानेपानी योजनाहरुको काम उपभोक्ता समितिसंग सम्झौता गरी निर्माण कार्य गराएकोमा उपभोक्ता समितिले योजनाको लागी आवश्यक पर्ने विभिन्न साईजका ३७५० मिटर एच.डी.पी पोलिथिन पाईप निम्न सप्लायर्ससगँ सोझै खरिद गरी मूल्यअभिबृद्धि कर समेत रु.७,६१,८९५। भुक्तानी गरेको छ । कार्यालयले सार्वजनिक खरिद ऐन अनुसार उक्त</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पाईपहरु प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गरी निर्माण कार्य गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत विना प्रतिस्पर्धा विभिन्न फर्महरुबाट टुक्रा टुक्रा गरी खरिद गर्ने कार्य नियम सम्मत देखिएन । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धात्मक बिधिबाट खरिद गरी योजनाहरुको निर्माण कार्य गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।
<table>
<tr><th>गो.भौ.नं.</th><th>फर्मको नाम</th><th>आइटमको नाम</th><th>परिमाण मि.</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>५९९-२०७९।३।२४</td><td>उदय सप्लायर्स एण्ड ट्रेडर्स</td><td rowspan="2">विभिन्न साइजका एच.डि.पि पाइप</td><td>१९५०</td><td>३७५७६१</td></tr>
<tr><td>६४५-२०७९।३।२४</td><td>गिरीवन्धु प्लाष्टिक उद्योग</td><td>१८००</td><td>३८६१३४</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>७६१८९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.६</td><td></td><td></td><td>घटि पाइप जडान कार्यालयले उपभोक्ता समितिसंग खानेपानी तथा सिचाइ योजनाहरुको पाइप खरिद गरी पाइप खन्ने पुर्ने र जडान गर्ने कार्य समेतको सम्झौता गरी उपभोक्ता समितलाइ भुक्तानी गर्दा पाइप पुरै जडान तथा विच्छाउने कार्य नभएको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को दफा ४ र ११ अनुसार मौज्दातमा रहेका पाइपको मूल्य कटाइ विच्छाइएका पाइपको मात्र खरिद मूल्य भुक्तानी दिनुपर्नेमा निम्नानुसार खरिद गरेको परिमाण भन्दा घटी पाइप विच्छाएको अवस्थामा सम्झौता अनुसारको पुरै रकम भुक्तानी गरेको देखिएकाले विच्छाउन बाकीँ पाइपहरु सम्बन्धित योजनामा बिच्छाइएको प्राविधिक मूल्याङ्कन पेश हुनुपर्ने अन्यथा जिन्सी शाखा फिर्ता गरी पाइप जिन्सी आम्दानी गरेको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>योजना</th><th>पाइपको साइज</th><th>परिमाण मिटर</th><th>परिमाण के.जी</th><th>दर</th><th>खन्ने पुर्ने कार्य घ.मि</th><th>पाइप खपत के.जी</th><th>बढी भुक्तानी</th></tr>
<tr><td></td><td></td><td>३२एमएम</td><td>२००</td><td>२५४.४</td><td>३२४</td><td>२७२.२</td><td></td><td>२६८२१</td></tr>
</table>
</td><td>१,७३५,२३४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४९४-२०७९।३।९ | रातापानी सिचाइ पोखरी निर्माण | २०एमएम | १४०० | | | | १७१.६२ | |
| ५००-२०७९।३।१० | भैस्याङ धाप खानेपानी मर्मत | ४० एमएम | ९७० | ५५३.७८ | ३२४ | ० | ० | १७९४२५ |
| | | १६ एमएम | ६०० | | | | | |
| ५०३-२०७९।३।१० | भण्डारेघाट पम्पिङ खानेपानी | ६३एमएम | ८७२ | २८९७.०८ | ३२४ | ० | ० | ९३८६५४ |
| | | ४० एमएम | २५०० | | | | | |
| | | २० एमएम | ३७७३ | | | | | |
| ५४४-२०७९।३।१९ | कोखे कुलो मर्मत वातिखुम | ९० एमएम | २०० | ३४३.३ | ३२४ | ० | ० | १११२२९ |
| ६४७-२०७९।३।२५ | खानेपानी योजना निर्माण उ.स | ४० एमएम | १०० | ९२३. | ३२४ | ० | ० | २९९०५२ |
| | | १६ एमएम | ६१५० | | | | | |
| | | २० एमएम | १५०० | | | | | |
| | | २५ एमएम | ६०० | | | | | |
| ६४८-२०७९।३।२५ | डाडाँखर्क खानेपानी धर्तुङ मुहान सिचाइ | ४० एमएम | ७०० | ५५५.७२ | ३२४ | ० | ० | १८००५३ |
| | जम्मा | | | | | | | १७३५२३४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **शिक्षक अनुदान**<br>शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं २.१.२क अनुसार स्थानीय तहले केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार शिक्षक दरबन्दी अद्यावधिक गरी कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण एकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा अद्यावधिक विवरण अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ। कार्यालयले निजी शिक्षक भर्ना/ नियुक्ति गरी पालिका निर्शत पुँजिगत खर्च खाताको समानिकरण अनुदानबाट ७ विद्यालयहरुको लागि नमुना विद्यालय कम्प्यूटर शिक्षक तलब बापत रु. १२३७५००। र आन्तरिक श्रोतबाट विद्यालय शिक्षक व्यवस्थापन अनुदान बापत २० विद्यालयहरुको लागि तलब भत्ता बापत रु.५३,९४,९३४। समेत रु.६६,३२,४३४। तलब खर्च गरेको छ । पालिका अन्तर्गतका विद्यालयहरुमा दरबन्दी अनुसार स्थायी, अस्थायी तथा राहत कोटाका शिक्षकहरुलाइ सःशर्त अनुदान तर्फबाट तलब भत्ता निकासा भएको छ। विद्यालयको कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरी शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ। | |
| २३ | | | **वडा कार्यालयवाट खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा यस बर्ष वडा कार्यालयहरुको कार्य सञ्चालन र व्यवस्थापन तर्फ ७ वटा वडाहरुमा रु.५ लाखको दरले रु.३५ लाख विनियोजन रु. ३५,००,०००।— नै खर्च गरेको छ । वडा खरिदको नमुना छनौट गरी परीक्षण गर्दा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाइ जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको सामग्री जिन्सी सामान सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । वडा सञ्चालनबाट खरिद भएका जिन्सी सामानहरु गाउँपालिकाको एकिकृत जिन्सी खातामा आम्दानी गरेको प्रमाण पेश हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | ४६७ | २०७९-३-५ | **सिलाई बुनाइ तालिम**<br>महिला बालबालिका जेष्ठ नागरिक विकास कार्यक्रम अन्तर्गत नबौ एकिकृत छाता संगठन सञ्जाल याम्खा-१ को ढाका बुनाइ सिप विकास तालिमको प्रशिक्षण बापत प्रमिला वि.कलाइ ४५ दिनको ९० पिरियणको रु.६००। को दरले रु.५४०००। भुक्तानी गर्नुपर्नेमा रु.७२००० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१८०००। मा करकट्टी बाहेक रु.१५३००। असुल हुनुपर्ने रु. | १५,३०० |
| २५ | ६१० | २०७९-३-२४ | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(३) बमोजिम प्राविधिकले सम्पन्न निर्माण कार्यको स्वीकृत ड्रइङ डिजाइन तथा स्पेशिफिकेशन बमोजिम भए नभएको जाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। रु.२२०३५७०। लागत अनुमान भएको चप्लेटी मलमासे धिप्लुङ झरना सडक चप्लेटी मलवासे हुदै धिप्लुङ झरना सडक उपभोक्ता समिति मार्फत रु.१७८७८५८। बराबरको कार्य गरी सम्झौता बमोजिम कार्यालयले रु.१५२९०७२। भुक्तानी गरेकोमा सो कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन। कार्य सम्पन्न प्रतिवेदन तयार गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| २६ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति**<br>यस गाउँपालिकाको २०७९।१।७ को निर्णयबाट गाउँपालिकाको भवन निर्माण कार्यका निर्माण व्यवसायी रविता।अविशा जे.भी. ले तोकिएको समयमा कार्य नगरेकोले रु.३१,८८,६५६।— पूर्वनिर्धारित क्षतिपूर्ति प्राप्त गर्ने निर्णय गरेकोमा रु.१५,६२,४४२।— मात्र कट्टा गरेको देखिएकोले कट्टा गर्न बाँकी रु.१६,२६,२१४।— कट्टा गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | १,६२६,२१४ |
| २७ | | | **सर्भे तथा डि.पि.आर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम सार्वजनिक निकायले परामर्श सेवा कार्यको लागत अनुमान तयार गरी नियम ७० बमोजिम २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउन सकिने व्यवस्था छ। कार्यालयले १५ शैयाको अस्पतालको डि.पि.आर गर्न रु.१९९९९२६। को लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्र मार्फत सुगी कन्सल्टेन्ट प्रा.लिसंग रु.१९,९४,४५० मा सम्झौता गरी कार्य गरेको छ। त्यस्तै कार्यालयले सो नियमावलीको नियम ७६ बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन | १७३,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्दा मूल्याङ्कन समितिका सदस्यहरुले छुट्टाछुट्टै रुपमा मूल्याङ्कन गरी प्रस्तावदाताले प्राप्त गरेको अंक यकिन गर्नुपर्नेमा परामर्शदाताहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन श्रेस्तासाथ संलग्न गरेको छैन। प्राविधिक प्रस्ताव मूल्याङ्कनको फाइल लेखापरीक्षणको क्रममा पेश नभएकोले थप विश्लेषण गर्न सकिएन। कार्यालयले परामर्शदातासंग भएको सम्झौता बमोजिम सम्झौता भएको मितिले १ हप्ता भित्र डि.पि.आर को प्रारम्भिक प्रतिवेदन पेश गर्नुपर्ने र प्रारम्भिक प्रतिवेदन पेश गरेको ६ हप्ता भित्र मस्यौदा प्रतिवेदन पेश गर्नुपर्ने तथा मस्यौदा प्रतिवेदनको अध्ययन गरी प्रतिवेदनमा देखिएका कमि कमजोरीहरुलाई सुधार गर्न दिएको मितिले १ हप्ता भित्र अन्तिम प्रतिवेदन जारी गर्नुपर्ने उल्लेख भएकोमा परामर्शदाताबाट प्रारम्भिक प्रतिवेदन प्राप्त गरी सोको अध्ययन पश्चात अन्तिम प्रतिवेदन जारी गरेको विषय लेखापरीक्षण समक्ष पेश भएन । यसबाट कार्यालयको सुझाब समेटिने गरी अन्तिम प्रतिवेदन जारी भए नभएको विश्लेषण गर्न सकिएन। कार्यालयले परामर्श दाताबाट मस्यौदा प्रतिवेदन प्राप्त गरी सोको प्रस्तुतिकरण तथा विषयबस्तु सम्बन्धमा अन्तरक्रिया र छलफल गर्न रु.८८,०००। र प्रतिवेदन लेखनमा रु.८५,०००। समेत रु.१७३०००। भुक्तानी गरेकोमा कार्यालयमा मस्यौदा प्रति उपर छलफल भएको माइन्युट र डि.पि.आर प्रतिवेदन लेखापरीक्षण अवधि सम्म कार्यालयमा दाखिला गरेको प्रमाण पेश भएन। परामर्शदाताले मस्यौदा प्रति माथि छलफल गरेको तथा डि.पि.आर प्रतिवेदन प्राप्त गरी जिन्सी दाखिला भएको प्रमाण हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार निम्न व्यक्ती, उपभोक्ता समिती, फर्म तथा विद्यालयहरुलाई गएको पेश्की फछ्यौट हुनुपर्ने रु.
<table>
<tr><th>गो. भौ. न.</th><th>पेश्की मिति</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>१४४</td><td>२०७८/११/०४</td><td>जंगदेव प्रा.वि. मान्दाता वाल निर्माण</td><td>श्री जंगदेव आधारभुत विद्यालय</td><td>४५०००</td></tr>
</table></td><td>२७,७९२,९२६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ४७५ | २०७९/०३/०७ | जनता मा.वि.बतासे व्यवस्थापन | श्री जनता माध्यमिक विद्यालय | १००००० | |
| | | | ५१० | २०७९/०३/१० | राम्चे निकेतन मा.वि ईजारा ट्वाईलेट मर्मत | श्री राम्चे निकेतन माध्यमिक विद्यालय | ७५००० | |
| | | | १७० | २०७९/०३/२४ | ४ कोठे विद्यालय भवन निर्माण | महेन्द्रोदय मा.वि. याम्खा | ३६००००० | |
| | | | १७० | २०७९/०३/२४ | २ कोठे विद्यालय भवन निर्माण | श्री कृष्ण माध्यमिक विद्यालय | १८००००० | |
| | | | १७० | २०७९/०३/२४ | ४ कोठे विद्यालय भवन निर्माण | श्री जनता माध्यमिक विद्यालय | ३६००००० | |
| | | | १७० | २०७९/०३/२४ | २ कोठे विद्यालय भवन निर्माण | श्री धिप्लुङ माध्यमिक विद्यालय | ३६००००० | |
| | | | १७० | २०७९/०३/२४ | २ कोठे विद्यालय भवन निर्माण | श्री पवित्र प्रा.वि. | १८००००० | |
| | | | १७० | २०७९/०३/२४ | ४ कोठे विद्यालय भवन निर्माण | श्री महेन्द्रोदय माध्यमिक विद्यालय | ३६००००० | |
| | | | १७० | २०७९/०३/२४ | ४ कोठे विद्यालय भवन निर्माण | श्री राम्चे निकेतन माध्यमिक विद्यालय | ३६००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १७० | २०७९/०३/२४ | २ कोठे विद्यालय भवन निर्माण | श्री वारेम्तुङ प्रा.वि. | १८००००० |
| ६०७ | २०७९/०३/२४ | विपद् व्यवस्थापन कोष गा.पा. | विपद व्यवस्थापन समिति | ३००००० |
| १६९ | २०७८/११/०८ | राम्चे भ्यू-टावर | राम्चे भ्यू-टावर उ.स. | ४००००० |
| १८६ | २०७८/११/१५ | दमाहा ढुङ्गा खानेपानी निरन्तरता | दमाहा ढुङ्गा खा.पा. निरन्तरता उ.स. | १०२००० |
| २३४ | २०७८/१२/०१ | सेपाखोला खा.पा. योजना | सेपाखाेल खानेपानी योजना उ.स. | १५०००० |
| २४० | २०७८/१२/०२ | याङ्सोला वरडाँडा सडक | बरडाडा सडक योजना उ.स. | ६५००० |
| ९१ | २०७८/१२/०९ | धिप्लुङझर्ना पुल | टुवाखोला झोलुङ्गे पुल निर्माण उ.स. | १०००००० |
| ३४५ | २०७८/१२/२३ | वैयुँ भाकारतुम खाम्ला डाडाँटोल खा.पा. | बैयु भाकारतुङ खाम्ला डाँडाटाेल खा.पा.उ.स. | ५०००० |
| ३५६ | २०७९/०१/०६ | गाउँपालिका प्रवेश सडक र प्रवेशद्वार निर्माण | गाउँपालिका प्रवेश सडक र प्रवेशद्वार निर्माण उ.स. | ८००००० |
| ३६१ | २०७९/०१/०६ | खरुवाखोला मुहान भई पिपलडाडा खुतुम्वु लाङ्सिङटार खानेपानी योजना | खरुवा खोला मुहान भई पिपलडाँडा खुतुम्वु लासिन्टार खा.पा उ.स. | १६५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३९८ | २०७९/०१/१६ | कालिकोटे डाडाँबाट स्वास्थ्य चौकी जाने सडक | कालिकोटे डाडाँवाट स्वस्थ्य चौकी जाने सडक उ.स. | ६५००० |
| ४८६ | २०७९/०३/०८ | भालाटेम्मा सडक बतासे | भालातेम्मा सडक बतासे नि.यो.उ.स. | २००००० |
| ४८७ | २०७९/०३/०८ | छाबुला-वारेम्तुङ सडक मर्मत | छावुला वारेम्तुङ सडक मर्मत यो.उ.स. | १६०००० |
| ७५ | २०७८/०८/२२ | सवारी साधन मर्मत खर्च | जीत वहादुर मगर | ८५००० |
| ४२ | २०७८/०९/२८ | मातृ तथा नवशिशु कार्यक्रम | चन्द्री माया राई | ५०००० |
| ३३६ | २०७८/१२/२१ | कृषि विकास कार्यक्रम संचालन | राम कुमार कटुवाल | २५००० |
| १२१ | २०७८/१२/२३ | सुरक्षित नागरिक आवास कार्यक्रम | कृष्ण वहादुर खड्का | ३०९२६ |
| ३४४ | २०७८/१२/२३ | कृषि विकास कार्यक्रम संचालन | पार्वती जोगी | २५००० |
| ११२ | २०७८/११/०२ | कृषि विकास कार्यक्रम संचालन | सुसेली सप्लायर्स | ५००००० |
| | | जम्मा | | २७७९२९२६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**निर्माण व्यवसायीको प्रयोग**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका अधिकांश योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग काम गराई लागत अनुमान बमोजिम कार्यालयबाट भुक्तानी हुने आनुपातिक दर बरावरनै निर्माण व्यवसायीको डोजर विल राखी भुक्तानी लिने गरेको छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले निर्माण व्यवसायीको मू.अ.कर विजक राखी कार्यालयबाट भुक्तानी हुने अंश भुक्तानी लिने र प्राविधिक विल तथा नापिमा प्रयोग भएको नर्म्स अनुसार डोजर मात्र प्रयोग भएको देखिएवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले श्रम योगदान नगरेवाट केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि मात्र उपभोक्ता समितिसंग सम्झौता गरी निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा रही काम गर्ने गरेको देखियो। यसरी हेभि मेसिन प्रयोग गरेर गर्नुपर्ने निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत नगराइ प्रतिस्पर्धात्मक विधिबाट निर्माण व्यवसायीबाट गराउनुपर्दछ।

<table>
<tr><th>भौ.नं. मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>कार्यालयले व्यहोर्ने रकम</th><th>प्राविधिक मूल्यांकन</th><th>भुक्तानी</th><th>निर्माण व्यवसायीको नाम</th><th>निर्माण व्यवसायीको विल रकम</th></tr>
<tr><td>५०४-२०७९/३/१०</td><td>लहरे पैयु देखी १ नं वडा कार्यालय सम्म सडक स्तरोन्नती उ.स</td><td>१११२५९९</td><td>९६००००</td><td>१११०२३२</td><td>९६००००</td><td>वि एण्ड वि स्टार स्टार कन्स्ट्रक्सन</td><td>९६००००</td></tr>
<tr><td>५६२-२०७९/३/२०</td><td>रोभोलुङ आहाल डाडाँ रातमाटा सडक उ.स</td><td>५५१२२३</td><td>४८००००</td><td>५५१२२३</td><td>४८००००</td><td>सुपर सौगात सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.ली</td><td>३९४०००</td></tr>
<tr><td>५७३-२०७९/३/२०</td><td>भैसीकाटे ढुङ्गाबाट खमारे सम्म सडक स्तरोन्नती</td><td>२६६९१७</td><td>२४००००</td><td>२७६९१७</td><td>२४००००</td><td>वि एण्ड वि स्टार स्टार कन्स्ट्रक्सन</td><td>२४००००</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका हेर्नुहोस्) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५७४-२०७९/३/२२ | राजन घर देखी जोड्ले सडक | ३३०३२३ | २८८००० | ३३०५४० | २८८००० | वि एण्ड वि स्टार स्टार कन्स्ट्रक्सन | २८८००० |
| ५७५-२०७९/३/२२ | पञ्चकोशिका मा.वि खेलमैदान | ३३५३३४ | २८८००० | ३४७५९३ | २८८००० | दुर्गा विष्णु कन्स्ट्रक्सन | ३०००१५ |
| जम्मा | | | | | २२५६००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **शिक्षा तर्फ** | |
| ३०.१ | | | **पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ वमोजिम निशुल्क पाठ्यपुस्तक वितरणको लागि विद्यालयलाई विद्यालयमा अध्यायनरत अघिल्लो आर्थिक वर्षको शैक्षिक सूचना प्राणाली(EMIS) को रेकर्डको आधारमा पुस्तक खरिदको लागि विद्यालयको वैंक खातामा ७५% निकासा दिन सक्ने व्यवस्था छ । त्यस्तै विद्यालयले प्राप्त निकासा रकमवाट पुस्तक खरिद गरी सक्कल विलभरपाई सहितको माग फाराम र चालु आर्थिक वर्षको शैक्षिक सूचना प्राणाली(EMIS) को रेकर्डको आधारमा वास्तविक विद्यार्थी संख्याको आधारमा वाँकी २५% प्रतिशत निकासा दिन सक्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयलाई निः शुल्क पाठ्यपुस्तकको वापत रु.२८,८७,०५३।०० अघिल्लो शैक्षिक सत्रको आधारमा १००% प्रतिशत रकम नै एकै पटक निकासा दिएको देखियो । निर्देशिकाले तोके वमोजिमको कार्यविधि अपनाउनु पर्दछ । | |
| ३०.२ | | | **बढी दिवा खाजा भुक्तानी**ः दिवाखाजा कार्यक्रम निर्देशिका,२०७८ अनुसार स्थानीय निकायले दिवाखाजा वापत कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई प्रति दिन प्रति विद्यार्थी रु.१५/- का दरले एक शैक्षिक शत्रमा १८० दिन नवढ्ने गरी विद्यालय सञ्चालित दिन र सो दिनहरुमा उपस्थित विद्यार्थीको संख्या यकिन गरेरमात्र विद्यालयलाई चौमासिक रुपमा पेश्की स्वरुप विद्यालयको वैंक खातामा निकासा दिनु पर्ने व्यवस्था छ । विद्यालयले आफूले पाउनुपर्ने अनुदान रकम निकासा लागि अघिल्लो महिनाको चौमासिक प्रगति विवरण तयार गरी अनुदान निकासा माग वमोजिमको ढाँचा अनुसूची ७ मा उल्लेख भए वमोजिम स्थानिय तहमा पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले ४८ वटा विद्यालयको लागि २ पटक रु.५५३५३००।०० विद्यालयलाई खाजा वापत भुक्तानी दिएकोमा अनुसूची-७ को ढाँचामा विद्यालयमा उपस्थित विद्यार्थीहरुको हाजिर वेगर विद्यालयको शैक्षिक सूचना प्राणाली(EMIS) को रेकर्ड आनुसार सोझै विद्यालयलाई निकासा दिएको देखियो । हाजिरी रेकर्ड आधारमा निकासा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिनुपर्नेमा विद्यार्थी संख्याको आधारमा निकासा दिएको देखिएकोले वास्तविक निकासा भएको यकिन गर्न सकिएन । विद्यार्थी उपस्थितिको आधारमा निकासा हुनुपर्दछ । | |
| ३०.३ | | | **स्यानिटरी प्याड खरिद** : सामुदायिक विद्यालयमा अध्ययनयरत ६-१२ कक्षासम्मका छात्राहरुको लागि निशुल्क स्यानिटरी खरिदको लागि १९ वटा विद्यालयमा अध्ययनरत १४२५ छात्राहरुको लागि प्रति विद्यार्थी १२ प्याकेट (प्रति प्याकेट ८ प्याड) दरले वितरण गर्न असल हाइजिन उत्पादन प्रा.लि. लोकन्थली,भक्तपुरले समाचार पत्र राष्ट्रिय दैनिकमा कार्तिक २४ मा सूचना प्रकाशन गरी होलसेल मूल्य रु.८२ उल्लेख गरेको दर भन्दा कम दर प्रति प्याकेट रु.८१ ले १८२५० प्याकेटको रु १४,९९,७५०।०० मा खरिद गरेको देखियो । सो सम्वन्धमा निम्न व्यहोरा देखियो । • कक्षा ६- १२ मा अध्ययन विद्यार्थी संख्या १४२५ को लागि प्रति विद्यार्थी १२ प्याकेट वटाका दरले वितरण गर्न १७१०० प्याकेट वितरण गर्ने गरी लागत अनुमान तयार गरे पनि सो भन्दा ११५० प्याकेट वढी गरी विद्यालयलाई हस्तान्तरण गरेको देखियो । वढी प्याकेट खरिद गरेको कारण प्रष्ट खुलाएको छैन । खरिद भएका सेनिटरी प्याडको मध्ये नमूना परीक्षण गर्दा गुणस्तर प्रमाणित हुने प्रमाण वा नेपाल गुणस्तर प्रमाण चिन्ह उल्लेख भएका पाइएन । | |
| ३१ | | | **निष्कृय लाभग्राही**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सानिमा बैंकमार्फत लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु.७,०६,१९,९७२।— निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो । गाउँपालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गरेको छैन । कार्यविधि वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुले निष्कृय खाताको विवरण तोकिएको समयाविधिमा तयार गरी गाउँपालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३२ | | | **कृषि तर्फ**<br>वोका बाखा खरिदः वाखा साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अर्न्तगत गाउँपालिका तथा कृषक समुह वीच ५०/५०% साझेदारीमा पालिकाले रु.७,००,०००।०० खरिद गरी गरेको विल पेश गरेको छ । खरिद भएका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बाख्राको विमा नगराएको तथा स्वास्थ्य जाँच वेगर खरिद गरेको बाख्राहरु समुहमा वितरण गरेको भरपाई संलग्न नभएको, समुहका व्यक्तीहरुलाई कबुलियत नगराएको, आर्थिक वर्षको अन्त्यमा प्रतिस्पर्धा वेगर एउटै फर्मसँग खरिद गरेकोमा बजेट सक्ने उद्देश्यले खर्च गरेको देखिएकोले कार्यक्रमको सान्दर्भिकता तथा यथार्थता सम्बन्धमा एकिन हुन गर्न सकिएन | |
| ३३ | | | **स्वास्थ्य तर्फ** | |
| ३३.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(१) बमोजिम कुनै व्यक्ति वा संस्थाले सरकारी कामको लागि पेश्की लिनुपर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको यकिन विवरण खुलाई कार्यालयमा निवेदन दिनुपर्ने र सो निवेदनसाथ संलग्न विवरणको आधारमा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने भन्दा बढी नहुने गरी पेश्की दिनुपर्ने उल्लेख छ। कार्यालयले गाउँपालिकाले स्वास्थ्य शाखा प्रमुख मस्ताक अहमत मंसुरीलाई गोश्वारा भौचर नं ७।२०७८।६।१६ वाट रु ८०००००।००, भौचर नं ८।२०७८।६।१७ वाट रु ७१३०००।००, भौचर नं ३१।२०७८।८।२३ वाट रु ५१७००० र भौचर नं ३६।२०७८।८।२३ वाट रु ५०००००।०० समेत जम्मा रु २५,३०,०००।०० पटक पटक पेश्की दिएको छ। सोही नियमावलीको नियम ४७(४) अनुसार काम सम्पन्न भएको १५ दिन भित्र कार्यालयले नियमानुसार समयमा पेश्की फछ्र्यौट गराउनु पर्नेमा सो नगरी पेश्की माथि पेश्की दिने, असार महिनामा मात्र आएर पेश्की फछ्र्यौट गर्ने तथा पेश्की फछ्र्यौट नगरी उस्तै प्रकृतिको कार्यक्रममा भएको खर्चको सोधभर्ना दिने गरेको देखियो। कार्यालयले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई आर्थिक अनुशासन पालना गर्न लगाउने र लिएको पेश्की रकम समयमा नै फछ्र्यौट गराउने तर्फ ध्यान दिनुपर्दछ। | |
| ३३.२ | | | **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले सोझै खरिद मार्फत रु. ।- को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ;<br>• खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ । यस सम्बन्धमा गत विगतमा औल्याएतापनि सुधार भएको छैन। औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **बढी व्ययभार**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, डण्डी, ईन्धन, मेशिन तथा उपकरणको भाडा, कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटका आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका कार्यालयले सिँचाई योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा देहायका निर्माण कार्यहरु स्वीकृत दररेट अनुसार गाउँपालिकाले निर्धारण गरेको दरभन्दा एसआईभीको परामर्शदाताले लिड समेत दिएर फरक दर राखी तयार गरेको दर बिश्लेषणको आधारमा उपभोक्ता समिति लाई भुक्तानी गरेको देखियो। गाउँपालिकाले सोही स्थानहरुमा गाउँपालिकाको स्रोतबाट संचालित सिँचाई योजनाहरुको निर्माण कार्य गर्दा गाउँपालिकाले स्वीकृत गरेको दर विश्लेषणको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएकोले एकै स्थानका एकै प्रकृतिका निर्माण कार्यहरुमा फरक दर राखी निर्माण कार्य गराउदा गाउँपालकिालाई रु.१५,४३,५३१।— बढी व्ययभार परेको रु. | १,५४३,५३१ |
| ३५ | | | **बढी खर्च रकम फिर्ता**<br>साना सिँचाई योजनाहरु संचालनको लागि संघीय सरकारबाट प्राप्त स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारीमा उक्त योजनाहरुको कुल खर्चको २० प्रतिशत नेपाल सरकार, ३० प्रतिशत एस. आई. पी, २० प्रतिशत सम्बन्धित स्थानीय तह, २० प्रतिशत प्रदेश सरकार र १० प्रतिशत लाभग्राही उपभोक्ता समितिबाट व्यहोर्ने उल्लेख छ । यस गाउँपालिका कार्यालयले निर्माण गरेका देहायका साना सिँचाई योजनाहरुमा भएको कुल खर्च रु.१,९१,२७,७६०।- मध्ये नेपाल सरकार र एस. आई. पी को स्रोतबाट ५० प्रतिशतले हुने रु.१,५५,७०,६८१।— मात्र खर्च लेख्नुपर्नेमा रु.६०,०६,८१३।— बढी खर्च लेखेको देखिएकोले सो रकम गाउँपालिकाको संचित कोषबाट कट्टा गरी नेपाल सरकारको संचित कोष फिर्ता गर्नुपर्ने रु. | ६,००६,८१३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.नं. र मिति</td><td>योजना</td><td>रनिङ्ग बिल</td><td>कुल बिल रकम</td><td>नेपाल सरकार र एसआईपी श्रोतबाट भुक्तानी</td><td>नेपाल सरकार र एसआईपी श्रोतबाट बढी भुक्तानी</td></tr>
<tr><td>८६।०७८।१२।८</td><td>बाँसवारी बर्मी सिँचाई</td><td>प्रथम</td><td>२२८०५४०</td><td>१९४५३२३</td><td>८०५०५३</td></tr>
<tr><td>१२५।०७९।१।६</td><td>जोरमुडा साना सिँचाई</td><td>दोस्रो</td><td>११००८०८</td><td>९८००३९</td><td>४२९६३५</td></tr>
<tr><td>१५५।०७९।३।१७</td><td>खोस्टुङ्ग ढिकुरे सिँचाई</td><td>अन्तिम</td><td>२३०८३७१</td><td>१९८९२६३</td><td>८३५०७७</td></tr>
<tr><td>१३२।०७९।२।११</td><td>खरुवा खोला सिँचाई</td><td>दोस्रो</td><td>९६१४७४</td><td>८५५०००</td><td>३७४२७६</td></tr>
<tr><td>१३३।०७९।२।२०</td><td>कालीखोला दोभान राजकुलो</td><td>दोस्रो</td><td>१६३४८८०</td><td>१४६३४६३</td><td>६४६०२३</td></tr>
<tr><td>१६७।०७९।३।२३</td><td>बाँसघारी सिँचाई योजना</td><td>अन्तिम</td><td>७३३७९६</td><td>६५३२००</td><td>२८६३०२</td></tr>
<tr><td>१७४।०७९।३।२५</td><td>खरुवा खोला सिँचाई</td><td>अन्तिम</td><td>१३११६६३</td><td>८५२०००</td><td>१९६१६८</td></tr>
<tr><td>१७६।०७९।३।२५</td><td>हाचापा सिँचाई योजना</td><td>अन्तिम</td><td>१६६५८२२</td><td>१३९३९१६</td><td>५६१००५</td></tr>
<tr><td>१७७।०७९।३।२५</td><td>टुकुरे भीर कुलो योजना</td><td>अन्तिम</td><td>२२९३०९४</td><td>१९२०४७७</td><td>७७३९३०</td></tr>
<tr><td>१८०।०७९।३।२५</td><td>कालीखोला दोभान सिँचाई</td><td>अन्तिम</td><td>४८३७३१२</td><td>३५१८०००</td><td>१०९९३४४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,९१,२७,७६०।-</td><td>१,५५,७०,६८१।-</td><td>६०,०६,८१३।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>संघीय समपुरक अनुदान<br>समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०७७ को दफा ६(१) मा नेपाल सरकारले समितले छनौट गरेका कार्यक्रम कार्यान्वयनको लागि कार्यक्रमको उपलब्धि र दिगोपनाको आधारमा स्थानीय तहलाई कुल लागतको अधिकत्तम ५० प्रतिशत</td><td>८,००७,०१६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रकम समपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । यस गाउँपालिकाको कार्यालयले संघीय प्रदेश समपूरक अनुदानबाट खानिडाँडा विमानस्थल देखि याम्खा सडकको स्तरोन्नतीको लागि निर्माण व्यवसायी रामसागर । वि.के. एस. के. जे. भी. सँग मु.अ.कर समेत रु. २३१९४४३८।— को लागतमा कार्य गर्नेगरी खरिद सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीले खरिद सम्झोता अनुसार कार्य सम्पन्न गरी प्रथम र अन्तिम गरी रु.२३१९४४२१।— बिल पेश गरेकोमा संघीय सरकारको समपूरक अनुदानबाट रु.१६०१४०३१।— भुक्तानी गरेको छ। कार्यालयले समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७७ बमोजिम संघिय सरकार समपुरक अनुदानबाट रु.८०,०७,०१६। मात्र खर्च लेख्नुपर्नेमा रु. १,६०,१४,०३१।- भुक्तानी गरेकोले संघिय कोषबाट बढी भुक्तानी भएको रु.८०,०७,०१६ स्थानीय सञ्चितकोष कट्टाबाट गरी संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>१३४।०७९।३।३</td><td>खानीडाँडा बिमानस्थल देखि याम्खा सडक कालोपत्रे (ठि.नं १।०७८।७९)</td><td>प्रथम</td><td>११४१४०३१।-</td><td>९५१४०३१।-</td><td>प्रथम विलको बाँकी रु.१९,००,०००।— पुरै प्रदेश समपूरकबाट भुक्तानी</td></tr>
<tr><td>१६८।०७९।३।२४</td><td></td><td>अन्तिम</td><td>११७८०३९०।-</td><td>६५०००००।-</td><td>अन्तिम बिलको भुक्तानी बाँकी रु.५२८०३९०।— प्रदेश समपूरक बाट भुक्तानी दिएको छ ।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३,३१,९४,४२१।-</td><td>१,६०,१४,०३१।-</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>प्रदेश समपूरक<br>प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४(२) मा प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता आदि को आधारमा कुल लागतको बढीमा ७० प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदान प्रदान गर्नसक्ने व्यवस्था छ । यस गाउँपालिकाको कार्यालयले संघीय प्रदेश समपूरक अनुदानबाट खानिडाँडा विमानस्थल देखि याम्खा सडकको स्तरोन्नतीको लागि निर्माण व्यवसायी रामसागर । वि.के. एस. के. जे. भी. सँग मु.अ.कर समेत रु. २३१९४४३८।—</td><td>२,१५४,११७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | को लागतमा कार्य गर्नेगरी खरिद सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीले खरिद सम्झौता अनुसार कार्य सम्पन्न गरी प्रथम र अन्तिम गरी रु.२३१९४४२१।— बिल पेश गरेकोमा संघीय सरकारको समपूरक अनुदान बाट रु.१६०१४०३१।— भुक्तानी गरी बाँकी रहेको रकम रु. ७१८०३९०।— पुरै प्रदेश सरकारको समपूरक अनुदानबाट खर्च लेखेको देखिएकोले कार्यविधि विपरीत प्रदेश सरकारको स्रोतबाट बढी खर्च लखेको रु.२१५४११७।— गाउँपालिकाको संचित कोषबाट कट्टा गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु. | |
| ३८ | | | **संचित कोष दाखिला**<br>महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ अनुसार निर्माण व्यवसायीबाट कट्टी गरेको पूर्वनिर्धारित क्षतिपूर्ति संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले गाउँपालिकाको भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी बाट पूर्वनिर्धारित क्षतिपूर्ति रु.१५,६२,४४२।— कट्टा गरेकोमा सो रकम गाउँपालिकाको संचित कोषमा दाखिला गरेको देखिएकोले गाउँपालिका संचित कोषबाट कट्टा गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. | १,५६२,४४२ |
| ३९ | | | **लागत साझेदारीमा पोर्टेवल स्टोरेज खरिद**<br>कार्यालयले संघिय सरकार र स्थानीय सरकारको ५० प्रतिशत लागत साझेदारीमा पोर्टेवल कोल्ड च्याम्बर खरिद गर्ने गरी बजेट विनियोजन गरी सिलबन्दी दरभाउ पत्र मार्फत सप्तभुमे इन्टरप्राइजेज प्रा.ली बाट रु.१९९८५००। मा सामान खरिद गरेकोमा गाउँपालिका पुँजिगत खर्च खाताबाट रु.८९८५००। र संघिय सरकार हस्तान्तरित चालुबाट रु.११,००,०००। भुक्तानी गरेको छ । लागत साझेदारी बमोजिम सोही अनुपातमा भुक्तानी हुनुपर्नेमा संघिय सरकार हस्तान्तरितबाट रु.१००७५०। बढी खर्च लेखेकोले बढी खर्च लेखेको रकम संघिय सञ्चितकोष दाखिला गर्नु पर्ने रु | १००,७५० |
| ४० | | | **राजश्व संकलन र दाखिला**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले मालपोत नगदी तथा अन्य गरी पालिका र वडा कार्यालयबाट आम्दानी प्राप्त गरेकोमा राजश्वको दैनिक विवरण तथा वार्षिक प्रतिवेदन तयार नगरेकोले आम्दानी एकिन गर्न सकिएन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | - नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१<br>- दैनिक राजश्व / आम्दानी खाता म.ले.प फाराम नं. १०२<br>- राजश्व / आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४<br>- राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५<br>- राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६<br>- राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७<br>- राजश्व आम्दानीको बैंक नगदी किताब म.ले.प. फा.नं. १०८ | |
| ४१ | | | अनुगमन तथा संपरिक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट यस वर्ष संपरीक्षणको लागि पेश भएन । बाँकी बेरुजु समयमै फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |